सम्वत् २०७६ सालको ऐन नं. ५

# ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "ऋण तथा जमानत (तेइसौं संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधन:** ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "दश खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बाह्र खर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

**असार १३, २०७६ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधनविना पारित गरेको र असार २४, २०७६ मा बसेको राष्ट्रिय सभाको बैठकले यो अर्थ विधेयकलाई सुझावविना फिर्ता पठाउने गरी पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।**

..............................

**कृष्ण बहादुर महरा**
**सभामुख**
**प्रतिनिधि सभा**

**प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।**

**(विद्यादेवी भण्डारी)**
**राष्ट्रपति**

**मितिः २०७६/०३/३०**

संघीय संसद सचिवालय